त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस
पोखरा, नेपाल
विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत, (२०७९)

च.नं.:

मिति:२०८०।०४।१६

## सूचना

त्रि.वि. अनुगमन निर्देशनालय कीर्तिपुर, काठमाडौंको मिती २०८०।०४।०९ च.नं.११/०८०/०८१ को अन्य संस्थामा आंशिक रुपमा काम गर्ने स्वीकृती संवन्धमा अत्यन्त जरुरी सूचना यसैसाथ संवन्धीत सबैको जानकारीका लागी टाँस गरिएको छ ।

प्रा. विनोद प्रसाद हेज्यू
क्याम्पस प्रमुख

सूचना पाटी

पोखरा-१५, हरियोखर्क, कास्की, गण्डकी प्रदेश, नेपाल, पो.ब.नं. ४३, फोन नं.: ०६१-४३०४६९, www.iofpc.edu.np, E-mail : info@pc.tu.edu.np

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
# अनुगमन निर्देशनालय
# MONITORING DIRECTORATE
कीर्तिपुर, काठमाडौं, नेपाल
KIRTIPUR, KATHMANDU, NEPAL

In reply please refer to
Ref.No./प.सं.: अनु.नि. ११/०८०/८१

मिति : २०८०।०४।०९

श्री त्रि.वि.का क्याम्पस/कार्यालय/सबै निकायहरू,

**विषय : अन्य संस्थामा आंशिक रूपमा काम गर्ने स्वीकृति सम्बन्धमा अत्यन्त जरुरी सूचना ।**

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न अध्ययन संस्थान र संकायहरूका डीन कार्यालय तथा आङ्गिक क्याम्पसहरू, केन्द्रीय कार्यालय, केन्द्रीय विभागहरू, अनुसन्धान केन्द्रहरू, शिक्षण अस्पताल समेतका सम्पूर्ण निकायहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले त्रि.वि. बाहेक अन्यत्र काम गर्न चाहेमा त्रिभुवन विश्वविद्यालय अनुगमन निर्देशनालयवाट अनिवार्य रूपमा स्वीकृति लिनुपर्ने व्यवस्था भए अनुसार आफू कार्यरत निकायमा तोकिएको सिफ्ट बाहेक अन्य समयमा अन्यत्र कुनै एक निकाय/सिफ्टमा काम गर्न चाहने शिक्षक कर्मचारीहरूले नियमानुसार स्वीकृति लिनुहुन सम्बन्धित शिक्षक कर्मचारी एवम् सम्बन्धित सबैलाई सुचित गरिन्छ।

आ.व. २०८०।०८१ मा अन्य संस्थामा काम गर्न चाहने त्यस निकायका शिक्षक कर्मचारीहरूलाई यसै पत्रसाथ संलग्न फाराम भर्न लगाई सो फाराम, सक्कल बैंक भाउचर सहितको विवरण स्वीकृतिको लागि निर्देशनालयमा पठाउनुहुन र सो विवरणको कार्यालय प्रति दुरुस्त राख्नुहुन समेत अनुरोध छ। साथै त्रि.वि. बाहेक अन्य विश्वविद्यालयमा एम.फिल. तथा विद्यावारिधि तहका कक्षा लिन वा सह शोधनिर्देशकका रुपमा कार्य गर्नुपर्ने भएमा समेत अनिवार्य रुपमा स्वीकृति लिनुपर्ने छ। अन्य संस्थामा आंशिक रूपमा काम गर्नका लागि पेश गर्ने निवेदन फारामको शुल्क आ.व.२०८०।०८१ देखि रु.२,५००/- कायम गरिएको व्यहोरा जानकारी गराइन्छ।

**उल्लेखित विवरण अनुसारको सूचना आ-आफ्नो क्याम्पस/कार्यालयको सूचना पाटीमा टाँस गरि सम्बन्धित सबैमा जानकारी गराउनुहुन अनुरोध छ।**

.......................
(विष्णुप्रसाद खनाल)
कार्यकारी निर्देशक

व.वि.अ.सं. पो...
दर्ता नं.: ५४
मिति : २०८०४१५
शाखा : ...

Email: monitoring@tribhuvan-university.edu.np Phone : 01-4331841, Fax : 01-4331964

त्रिभुवन विश्वविद्यालय
# अनुगमन निर्देशनालय
कीर्तिपुर, काठमाडौं, (फोन नं.०१-४३३१८४१)

## शिक्षक/कर्मचारीले अन्य संस्थामा आंशिक रूपमा काम गर्ने अनुमति माग गर्ने फाराम

श्रीमान् कार्यकारी निर्देशकज्यू,

मैले त्रिभुवन विश्वविद्यालय बाहेक अन्यत्र आंशिक रूपमा काम गर्न अनुमति पाउँ भनी निवेदन पेश गर्दछु ।

कार्यरत क्याम्पस/निकायको नाम : ........................................................ संकाय/अ.सं. : ..............................

शिक्षक/कर्मचारीको नाम : ........................................................ पद : ..............................

विषय : ........................................ त्रि.वि.मा कार्यरत सिफ्ट : प्रात: (६:००-१:००) ☐

मोबाइल नं. : ........................... स्थायी लेखा नं. : ........................... दिवा (१०:००-५:००) ☐

**EMAIL ADDRESS :** संन्ध्याकालीन (२:००-९:००) ☐

## काम गर्न लगाउने संस्थाको विवरण र सिफारिस

काम गर्न लगाउने संस्थाको नाम : ........................................................ काम गर्ने पद : ................. आ.व. : ........

संस्थाको ठेगाना : ............................................ फोन नं. : ................. सिफ्ट र समय : ..............................

यस संस्थामा निजको सेवा आवश्यक परेकोले आंशिक रूपमा काम गर्न अनुमति दिनुहुन अनुरोध गर्दछु ।

संस्था प्रमुखको हस्ताक्षर : ...............

................ मिति : ........................ नाम : ....................................

संस्थाको छाप

## त्रिविमा कार्यरत निकाय

निवेदकले माथि उल्लेख गरेको संस्थामा यस क्याम्पस/कार्यालय/विभागमा निजलाई तोकिएको सिफट भन्दा फरक समयमा काम गर्न अनुमति माग भएकोले यस निकायको काममा कुनै बाधा नपर्ने ब्यहोरा अनुरोध गर्दछु ।

| शिक्षण समितिको अध्यक्षको हस्ताक्षर : | क्याम्पस/कार्यालय/विभागको छाप | प्रमुखको हस्ताक्षर : |
|---|---|---|
| नाम : .................................. | ........................................ | नाम : ......................... |
| | | मिति : ......................... |

उपरोक्त विवरण अनुसारको संस्थामा काम गर्न स्वीकृति लिए तापनि आफू कार्यरत संस्थालाई आवश्यक परेको समयमा सेवा प्रदान गर्न त्रिवि नियमानुसार प्रतिबद्धता जाहेर गर्दछु । साथै हाल म विश्वविद्यालयमा पदाधिकारी नरहेको, कुनै पनि किसिमको अध्ययन विदामा नरहेको एवम् यसै आ.व. भित्र सो किसिमको विदामा बस्नु परेमा वा पदाधिकारीमा मनोनयन भएमा प्राप्त भएको स्वीकृति रद्दको लागि त्रि.वि.अनुगमन निर्देशनालयमा निवेदन पेश गर्नेछु ।

..................................

निवेदकको दस्तखत

मिति : ...........................

❖ नेपाल बैङ्क लि., कीर्तिपुरको खाता नं ०४५००१०००९८९७६००००01 (खातावालाको नाम : त्रि.वि केन्द्रीय कार्यालय) मा रु.२,५००/- (रूपैयाँ दुई हजार पाँच सय मात्र) बुझाएको सक्कल भौचर संलग्न हुनु पर्नेछ ।